का.जि.प्र.का.द.नं. १००/०५९/६०

९ असार २०८२,
सोमबार
23 June, 2025
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

वर्ष २३, अंक १४१ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com

## वाम राजनीति

# बहसमा एकता व्यवहारमा विभाजन









वाम घटकहरूको विभाजनले निरन्तरता पाइरहेपनि उनीहरूले बेलाबखत समान विचारधाराका दल तथा समूहसँग समन्वय, सहकार्य र एकताको रटान भने छाडेका छैनन् ।

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ८ असार ।

नेपालको राजनीतिमा वाम तथा कम्युनिष्ट पार्टीहरू जति एकताको कुरा गर्छन्, त्यसभन्दा बढी क्षयीकरणको बाटो अबलम्बन गर्दै आएका छन् ।

वाम दलहरूले बहसमा वामपन्थी एकताको विकल्प नभएको निष्कर्ष निकाल्दै आएपनि व्यवहारमा विभाजनले निरन्तरता पाउँदा कम्युनिष्ट आन्दोलनमाथिको विश्वास घट्दै गएको स्वयं वाम नेताहरू बताउँछन् ।

पछिल्लो केही वर्षयता नेकपा (एमाले) सहित साना कम्युनिष्ट पार्टीहरू समेत फुटको शिकार भएका छन् । वाम घटकहरूको विभाजनले निरन्तरता पाइरहेपनि उनीहरूले बेलाबखत समान विचारधाराका दल तथा समूहसँग समन्वय, सहकार्य र एकताको रटान भने छाडेका छैनन् ।

वामपन्थी एकताको अनिवार्य सर्त राखेका नेताहरू पद, प्रतिष्ठा र पैसाका लागि टुक्रिने प्रवृत्ति नरोकिएको स्वयम् कम्युनिष्ट नेताहरूले स्वीकार गरेका छन् । वाम तथा कम्युनिष्ट एकता अनिवार्य छ, तर त्यहाँसम्म पुग्ने अवस्था अहिले नै नरहेको नेताहरू बताउँछन् ।

नेकपा (माओवादी केन्द्र)का स्थायी कमिटी सदस्य पेशल खतिवडाले वाम एकता आवश्यक भएपनि भरेभोलि नै भइहाल्छ भनेर हिँड्ने अवस्था नरहेको बताए । 'राष्टियता, जनजिविका, जनतन्त्र र सुशासनका पक्षमा संयुक्त मोर्चा बनेर जाने कुरा एउटा हो तर एकता भइहाल्ने भन्ने होइन', उनले मध्यान्हसँग भने ।

नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), नेत्र विक्रम चन्द नेतृत्वको नेकपा सम्मिलित समाजवादी मोर्चाको अवधारण अन्ततः पार्टी एकता नै भएको खतिवडाले बताए ।

सत्ता र शक्तिका लागि कम्युनिष्ट पार्टीहरूमा फुटको अवस्था निरन्तरता भएपनि कतिपय फुठले कम्युनिष्ट आन्दोलनमा घाटा नपुगेको उनको दाबी छ । 'विचारमा फट्नेहरू फेरि जुट्नुको विकल्प छैन', उनले भने

»» पृष्ठ २ मा



वामपन्थी एकताको विकल्प छैन भनेर पटक पटक छलफल चलाउँदै आएका हौं । तर, यसभित्रपनि मत भिन्नता र मतैक्यता छन ।

■ **झलनाथ खनाल**
**सम्मानित नेता**
**नेकपा (एकीकृत समाजवादी)**



राष्ट्रियता, जनजिविका, जनतन्त्र र सुशासनका पक्षमा संयुक्त मोर्चा बनेर जाने कुरा एउटा हो तर एकता भइहाल्ने भन्ने होइन ।

■ **पेशल खतिवडा**
**स्थायी कमिटी सदस्य**
**नेकपा (माओवादी केन्द्र)**



सैद्धान्तिक-राजनीतिक विषयमा मत-मतान्तर भन्दा पनि धेरैजसो व्यक्तिगत इगो, पद-प्रतिष्ठा र अवसरकै कारण कम्युनिष्ट पार्टीहरू जुट्ने-फुट्ने गरेको पाइन्छ ।

■ **मुमाराम खनाल**
**राजनीतिक विश्लेषक**

# आर्यघाटमा पनि भ्रष्टाचार



**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असार ।

पशुपति क्षेत्र विकास कोषको आर्यघाटको विद्युतीय शव दाह मेसिन खरिदमा साढे १० करोड भ्रष्टाचार भएको खुलेको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मेसिन खरिदमा झण्डै साढे १० करोड भ्रष्टाचार गरेको अभियोगमा पशुपति क्षेत्र विकास कोषका सदस्य सचिव मिलनकुमार थापासहित १४ जनाविरुद्ध आइतबार मुद्दा दायर गरेको छ ।

अख्तियारले शवदाह गृहको उपकरण खरिद गर्दा भ्रष्टाचार गरेको आरोपमा प्रतिवादीविरुद्ध १० करोड ३३ लाख ९१ हजार ३० रुपैयाँ बिगो कायम गरेको छ ।

विद्युतीय शवदाह गृहको उपकरण खरिदमा अनियमितता गरेको आरोपमा अख्तियारले मुद्दा दायर गरेको विशेष अदालतका सूचना अधिकारी यज्ञ रेग्मीले जानकारी दिए ।

»» पृष्ठ २ मा

# मिडिया काउन्सिलका अध्यक्ष दोषी ठहर

मधेश प्रदेश प्रेस काउन्सिलका अध्यक्ष कमलकुमार उपाध्याय भ्रष्टाचार गरेको विशेष अदालतले ठहर गरेको छ ।

भ्रष्टाचार मुद्दामा अदालतले अध्यक्ष उपाध्यायलाई ६ महिना कैद र १ लाख १७ हजार ५२० रुपैयाँ जरिवाना तोकेको छ ।

काउन्सिलको अध्यक्षमा नियुक्त भएको दोस्रो दिनमा नै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उपाध्यायविरुद्ध गत वैशाख ९ मा विशेष अदालतमा मुद्दा दायर गरेकोमा अदालतका अध्यक्ष एवम न्यायाधीश टेकनारायण कुँवर, र न्यायाधीशहरू रामबहादुर थापा र रितेन्द्र थापाको संयुक्त इजलासले उपाध्यायलाई ६ महिना कैद सजाय र १ लाख १७ हजार ५२० रुपैयाँ जरिवाना तिराउने

»» पृष्ठ २ मा

# रास्वपाका एक चौथाइ सांसद विदेशमा

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ८ असार ।

भिजिट भिसा प्रकरणमा संसद अवरोध गर्दै आएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का एक चौथाइ सांसद विदेश यात्रामा निस्किएका छन् ।

सभापति रवि लामिछाने थुनामा रहेको र इन्दिरा रानामगर उपसभामुख भएकाले त्यसैपनि रास्वपाका सांसदको संख्या कम छ । त्यसमाथि रास्वपाका प्रभावशाली सांसदहरू देशबाहिरका कार्यक्रमका लागि निस्किएका छन् । आइतबार बैठकमा रास्वपाका धेरै सांसदहरू अनुपस्थित थिए । उपस्थित सांसदहरूले नाराबाजी र वेल घेराउ गर्दै बैठक बहिष्कार गरेका थिए ।

रास्वपाका कार्यवाहक सभापति डोलप्रसाद अर्याल, सांसद तोसिमा कार्की, गणेश पराजुली, हरि ढकाल र सोविता गौतम अहिले विदेश यात्रामा छन् । संसदीय उपस्थितिमा आएको यस पातलो उपस्थितिका कारण संसदभित्र पार्टीको प्रभाव खस्किन थालेको नेताहरू बताउँछन् ।

कार्यवाहक सभापति अर्याल कतारमा छन् भने सांसद कार्की अमेरिका भ्रमणमा छिन् । उनीहरूले सामाजिक सञ्जालमार्फत प्रवासी नेपाली समुदायसँगका अन्तरक्रियात्मक कार्यक्रममा सहभागी भएको जानकारी सार्वजनिक गरेका छन् ।

अमेरिकाका विभिन्न राज्यहरूमा नेपाली समुदायसँग भेटघाट र अन्तरक्रिया गर्ने उनको कार्यक्रम छ । उनले फेसबुकमा जुन २१ देखि २९ सम्म विभिन्न शहरमा हुने भेटघाट कार्यक्रमको तालिका रहेको जनाएकी हुन् ।

यस्तै सांसद पराजुली अष्ट्रेलियामा छन् । उनले सिड्नी र क्यानबेरामा रास्वपा निकट प्रवासी नेपाली सम्पर्क विभागको निमन्त्रणमा गएका हुन् । उनले सिड्नी र क्यानबेरामा नेपाली समुदायसँग अन्तरक्रिया गरेका छन् ।

त्यस्तै सांसदहरू ढकाल र गौतम भारतको बैंगलोरमा छन् । उनीहरूले रास्वपाको कर्नाटक राज्य समिति गठन गर्दै फेसबुक मार्फत् जानकारी दिएका छन् ।

पार्टीका प्रभावशाली सांसद र नेताहरू एकैपटक देश बाहिर जाँदा संसद्भित्र पार्टीको उपस्थिति कमजोर भएको उनीहरूको भनाइ छ । 'पार्टीले उठाएको महत्त्वपूर्ण मुद्दालाई सरकारले सुनेको छैन, प्रमुख प्रतिपक्षी माओवादी केन्द्रले पनि साथ छोडेको छ । यस्तो अवस्थामा पार्टीका प्रभावशाली नेताहरू नहुनुको असर संसद्मा देखिएको छ', ती नेताले नाम उल्लेख नगर्ने शर्तमा बताए । उनका अनुसार विदेशमा पार्टीको कार्यक्रम पछि सारेर गर्दा पनि हुन्थ्यो ।

रास्वपा भित्रै यसरी एकैपटकको विदेश लर्कोप्रति असन्तुष्टि पनि देखिएको छ । संसदमा अवरोधको नाममा उपस्थिति जनाउँदै खाली कुर्सी छाड्ने र बहिष्कार गर्ने शैलीले

»» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# खाडी मुलुकमा बढ्दो सुरक्षा चिन्ता

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असार ।

आफ्ना आणविक केन्द्रहरूमा अमेरिकी आक्रमणको बदलामा इरानले खाडी मुलुकमा रहेका अमेरिकी सम्पत्ति र सैनिक अड्डाहरूमा आक्रमण गर्न सक्ने आंकलन गरिएको छ । खाडी मुलुकमा रहेका अमेरिकी सैनिक अखडा र सम्पत्तिमा आक्रमण भए ती क्षेत्रमा वैदेशिक रोजगारमा रहेका लाखौं नेपाली प्रभावित हुने देखिएको छ ।

बहराइन र कुवेतले आइतबार नै इरान द्वन्द्व आफ्नो क्षेत्रमा फैलिन सक्ने भन्दै सुरक्षा सम्भावनाका लागि तयारी गरेको बताएका छन् । इरानको आणविक केन्द्रहरूमा अमेरिकी आक्रमणपछि बहराइनले सवारी चालकहरूलाई मुख्य सडकहरूबाट टाढा रहन आग्रह गरेको छ भने कुवेतले मन्त्रालय परिसरमा आश्रयहरू स्थापना गरेको बताएको छ ।

आइतबार बिहान इरानका तीन मुख्य आणविक स्थलहरूमा आक्रमण गरेपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई शान्ति सम्झौतामा सहमत नभए थप विनाशकारी आक्रमणहरूको सामना गर्नुपर्ने चेतावनी दिएका छन् ।

उता इरानले अमेरिकाले आफ्नो मुलुकमा आक्रमण गरेमा अमेरिकी सैन्य अड्डाहरूसहित खाडी क्षेत्रमा रहेका अमेरिकी सम्पत्तिहरूमाथि आक्रमण गर्नसक्ने चेतावनी दिएको छ ।

बहराइनमा अमेरिकी नौसेनाको पाँचौं फ्लीटको मुख्यालय रहेको छ भने कुवेतमा धेरै अमेरिकी अड्डाहरू छन् । बहराइनको आन्तरिक मन्त्रालयले क्षेत्रीय सुरक्षा स्थितिमा हालैका

»» पृष्ठ २ मा

## विभागद्वारा तालिम संस्थाहरूलाई देशगत क्लष्टरमा विभाजन

**काठमाडौं/मस–** वैदेशिक रोजगार विभागले अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूलाई देशगत क्लष्टरमा विभाजन गरेको छ । हाल काममा रहेका १४३ अभिमुखीकरण तालिम प्रदायक संस्थाहरूलाई विभागले ७ वटा क्लष्टरमा विभाजन गरेको हो ।

विभागले अभिमुखीकरण तालिम सञ्चालन कार्यविधि, २०७६ (दोस्रो संशोधनसहित) मा रहेको व्यवस्थाबमोजिम विभागको गत चैत १५ को सूचना र वैदेशिक रोजगार पूर्वप्रस्थान अभिमुखीकरण तालिम प्रदायक संस्थाले माग गरेबमोजिम साउन ५ गतेको निर्णयानुसार अर्को निर्णय नभएसम्मका लागि अभिमुखीकरण तालिम प्रदायक संस्थालाई देशअनुसार समूहगत क्लष्टर विभाजन गरिएको बताएको छ । विभागले पूर्वप्रस्थान अभिमुखीकरण संस्थालाई गल्फ, मलेसिया,

»» पृष्ठ २ मा

**सूचना**

**नेपाल वैदेशिक रोजगार व्यवसायी नेवाः समाजको "छैठौं साधारण सभा"**

आदरणीय सम्पूर्ण **वैदेशिक रोजगार नेवाः समाज सदस्य तथा व्यवसायी**ज्यूहरु

यस नेवाः समाजको मिति २०८२ जेठ १ गते विहिबार बसेको कार्यसमिति तथा व्यवसायीज्यूहरुको बैठकले नयाँ कार्यसमितिको सर्वसम्मत चयन गर्ने निणय भए अनुरुप "छैटौं साधारण सभा तथा कार्य समिति चयन" हुने भएको हुनाले निम्न मिति स्थान र समयमा यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**कार्यक्रम**

**मिति** : **२०८२ असार २० गते शुक्रबार**
**स्थान** : **होटल न्याडिसन लाजिम्पाट-२, काठमाडौं**
**समय** : **बिहान ८:३० बजे**

**नेपाल वैदेशिक रोजगार व्यवसायी नेवाः समाज**
पानीपोखरी-३, काठमाडौं, फोन नं. ०१ ४००२५९६, मो.: ९८५१०५८५०५

**जापान रोजगारी सम्बन्धमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको गम्भीर ध्यानाकर्षण**

*जापान रोजगारी सम्बन्धमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको*

जापानस्थित नेपाली राजदूतावासले परराष्ट्र र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको पत्र विपरीत २०८२/०३/०३ मा एक सूचना प्रकाशित गरी मापदण्डको नाममा निश्चित सीमित संस्थाहरुको मात्रै मागपत्र प्रमाणीकरण गर्ने गरी कार्य गर्न लागेको प्रति यस नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ । सबै मान्यता प्राप्त इजजातपत्र भएका एजेन्सीले खुलारुपमा जापान रोजगारीको काम गर्न पाउने अवस्थालाई अवरोध गरी उक्त दूतावासको सूचनाले वैदेशिक रोजगार क्षेत्रका व्यवसायीहरुमा गम्भीर चिन्ता र आशंका उत्पन्न गराएको छ । संविधानले प्रत्याभूत गरेको स्वतन्त्र व्यवसाय गर्ने अधिकार विपरीतको यस कार्यको एसोसिएसन घोर भत्सर्ना गर्दछ ।

नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मिति २०८२/०२/१९ मा सार्वजनिक प्रेस नोटमार्फत जापान इन्टरनेसनल ट्रेनिङ कोअपरेसन अर्गानाइजेसन (JITCO) अन्तर्गत प्राविधिक अभ्यासार्थी (Skill Trainee) श्रमिक पठाउन वैदेशिक रोजगार विभागमा सूचीकृत र नवीकरण भएका सबै इजाजतपत्र प्राप्त संस्थाले सहभागी हुन सक्ने स्पष्ट जानकारी दिएको थियो । मन्त्रालयले परराष्ट्र मन्त्रालयमार्फत जापानस्थित नेपाली राजदूतावासमा सबै इजाजतपत्रवाला संस्थाको विवरण समेत पठाएको सर्वविधित नै छ । परराष्ट्र मन्त्रालयलेसमेत जापानस्थित नेपाली दूतावासलाई JITCO अन्तर्गत काम गरिरहेका सीपयुक्त श्रमिक पठाउने प्रयोजनका लागि वैदेशिक रोजगार विभागबाट इजाजतप्राप्त ५५२ वटा संस्थासहित वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न अद्यावधिक इजाजतप्राप्त १ हजार ४३ संस्थाको विवरणसहित श्रम मन्त्रालयको पत्र तथा अन्य कागजातहरु पनि कार्यान्वयनका लागि पठाएको सबैमाझ सर्वविधितै छ ।

वैदेशिक रोजगार व्यवसायीहरुमाथि विभेद गर्दै केही निश्चित संस्थालाई मात्र अनुमति दिने कार्यले यस क्षेत्रको पारदर्शिता, निष्पक्षता र व्यावसायिक प्रतिस्पर्धामाथि आघात पुग्दछ । नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले यस्तो कुत्सित कार्यको कुनै हालतमा समर्थन गर्न नसक्ने स्पष्ट गर्न चाहन्छौं । यस्तो कार्य संविधान, वैदेशिक रोजगार ऐन र श्रम नीतिको मूल मर्म विपरीत छ ।

यसै सन्दर्भमा हामी सरकारका सम्बन्धित निकायहरुलाई आग्रह गर्न चाहन्छौं–

१. *श्रम मन्त्रालयको प्रेस नोटबमोजिम सबै इजाजतपत्रवाला संस्थालाई समान अवसरको प्रत्याभूति होस् ।*
२. *जापानस्थित नेपाली राजदूतावासले विज्ञप्ति खारेज गरी श्रम मन्त्रालयबाट प्राप्त निर्देशन र तथ्यको पालना गरोस् ।*

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन निष्पक्ष, प्रतिस्पर्धी र संविधानसम्मत वैदेशिक रोजगार प्रणालीको पक्षमा छ । तसर्थ, हामी हाम्रो अधिकार सुनिश्चित गर्न प्रतिबद्ध रहेको स्पष्ट पार्दै जापानस्थित नेपाली राजदूतावासको सूचना तत्काल फिर्ता लिन आग्रहसमेत गर्दछौं ।

**दिपक थापा**
अध्यक्ष
**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४५६६४२८, ईमेलः ndfeefforum@gmail.com

# २० मिटर मापदण्ड खारेजको माग गर्दै प्रदर्शन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ असार

उपत्यका नदी किनारामा २०मिटर मापदण्ड खारेजको माग गर्दै प्रदर्शन भएको छ । बागमती मनोहरा सरोकार समितिले खोला-नदीको मापदण्ड खारेज गर्नुपर्ने माग गर्दै काठमाडौंमा प्रदर्शन गरेको हो ।

प्रदर्शनका क्रममा उनीहरूले फैसला होइन, न्याय देऊ, गैरन्यायीक खोला मापदण्ड खारेज गर, उच्चस्तरीय सुझाव सुधार आयोगको प्रतिवेदन २०२ नम्बर बुँदा खारेज गर, संवैधानिक सम्पत्तिमाथिको हक सुनिश्चित गर लगायत नारा लगाएका थिए ।

सर्वोच्च अदालतले २०८० साल पुस ३ नदी संरक्षणसम्बन्धी एक मुद्दामा वागमती, विष्णुमतीलगायतका नदीहरूमा थप २० मिटर राख्नुपर्ने आदेश दिएको थियो । त्यसअघि सरकारले २०६५ सालमै ठूला नदीमा २० मिटर जग्गा छोड्नुपर्ने नीति तय गरेको थियो ।

सर्वोच्चले त्यसमा थप २० मिटर छाड्ने परमादेश जारी गरेको थियो । उक्त आदेशविरुद्ध काठमाडौं उपत्यका नदी किनारामा बसोबास गर्दै आएका प्रभावित बासिन्दाहरूले विरोध प्रदर्शन गर्दै आएका छन् ।

सोही विषयमा काठमाडौं मेयर्स फोरमले पनि पुनरावेदन गराउन सरकारसँग माग गरेको थियो । त्यसपछि भदौ ३१ गते सरकारले महान्यायाधिवक्ता कार्यालयमार्फत् सर्वोच्चमा निवेदन दिएको थियो । रिटमाथि सुनुवाइ लागि असार १२ गते पेशी तोकिएको छ । उक्त फैसलाको पुनरावेदन निवेदनको पेशी नजिकिएसँगै पीडितहरूले न्यायका लागि प्रदर्शन गरेका हुन् । फैसला आफ्नो पक्षमा नआए आफूहरूको बिल्लीपाठ हुने उनीहरूको भनाइ छ ।



प्रभावित आन्दोलित बनेपछि सरकारले २०८१ साल भदौ ३१ गते पुनरावलोकन माग गर्दै सर्वोच्चमा रिट दायर गरेको थियो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले सर्वोच्चमा पुनरावलोकन निवेदन दर्ता गराएको थियो ।

सो रिटमाथि प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्चले पुनरावलोकनको अनुमति दिँदै निवेदनको अन्तिम किनारा नभएसम्म २० मिटर सीमा कायम गर्ने फैसला कार्यान्वयन स्थगन गर्ने निर्देशन दिएको थियो । फैसला तत्काल कार्यान्वयन नगर्न काठमाडौं उपत्यकास्थित सरकारी कार्यालय, स्थानीय तह तथा बैंक एवं वित्तीय संस्थालाई पत्राचार गरेको थियो । थप २० मिटरमा संरचना बनाउन नपाइने सर्वोच्चको आदेशले धेरै मानिसको आवासमा क्षति पुग्ने र सरकारले मुआब्जा दिएर पनि सात वर्षको विकास बजेट लाग्ने भएकाले कार्यान्वयन गर्न सम्भव नहुने भन्दै पुनरावलोकन हुनुपर्ने जिकिर निवेदनमा छ ।

# साइबर सुरक्षा विधेयक अधुरो

**काठमाडौं/मस**–संसदमा दर्ता भएको सूचना प्रविधि तथा साइबर सुरक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक अपुरो, अधुरो र अस्पष्ट रहेको एक अन्तरक्रिया कार्यक्रममा बताइएको छ । महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी र पानवले सञ्चारकर्मीसँग संयुक्तरुपमा आयोजना गरेको अन्तक्रिया कार्यक्रममा यस्तो बताइएको हो ।

सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक, २०८२ महिला तथा बालिकाविरुद्ध हुने साइबर अपराधमा केन्द्रित रहेर सञ्चारकर्मीसँग गरिएको अन्तर्क्रियामा श्रोत व्यक्ति अधिवक्ताद्धय अशांकन मल्ल र राष्ट्र विमोचन तिमल्सिनाले २०८० को विद्युतीय कारोबार ऐन भन्दा गत जेठ २७ गते संसदमा टेबुल भएको सूचना प्रविधि तथा साइबर सुरक्षा विधेयक, २०८२ समय सापेक्ष भए पनि धेरै कुरा छुटेको र अस्पष्ट रहेको बताएका छन् ।

हिंसाको प्रकार समयसँगै बद्लिएकाले नयाँ साइबर सुरक्षा ऐन आवश्यकता भएको हुनसक्ने एफडब्लुएलडीका कार्यकारी निर्देशक अधिवक्ता सविन श्रेष्ठले बताए । विद्युतीय कारोबार ऐनलाई प्रतिस्थापना गर्न बनेको नयाँ विधेयकले महिला तथा बालिकालाई कति समेटेको छ भन्ने विषय सञ्चारकर्मीलाई जानकारी दिन अन्तरक्रिया आयोजना गरेको अधिवक्ता श्रेष्ठले बताए ।


**Government of Nepal**
**Ministry of Water Supply**
**Department of Water Supply and Sewerage Management**
**Federal Water Supply and Sewerage Management Project**
**Biratnagar**

## Notice to Intention to Award Contracts

**Date of Publication: - June 23, 2025 (2082/03/09)**

This is to notify all the concerned bidder(s), pursuant to the Public Procurement Act 2063 (PPA) as per the clause 27(2) and 47, that it is our intention to award the contracts for the e-bid(s) published on April 01, 2025 on Nepal Samachar Patra National Daily, and on PPMO's online portal www.bolpatra.gov.np and Aarthik National Daily Newspaper on June 11 2025, to the bidder(s) as listed below as bid prices of the corresponding bidders is determined to be substantially responsive and the lowest amongst the evaluated bid price(s).

| Contract No. | Description of Works | Lowest Evaluated Substantially Responsive Bidder's Name and Address | Lowest Evaluated Bid Price with PS and VAT. |
|---|---|---|---|
| 23/81-82/ CWSP-Topgachi/ FWSSMP_BRT | Entire Construction Works of Topgachhi Water Supply Project, Kamal Rural Municipality Jhapa | GRD Construction Budhanilkantha-9, Sukhedhara Kathmandu | NRs. 247,705,112.24 |

**Project Chief**



# बटेश्वर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**बटेश्वर, धनुषा**
**मधेश प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८२/०३/०९ गते**

यस कार्यालयवाट राजधानी राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/०२/०७ गते प्रकाशित तपसिल बमोजिमको निर्माण कार्यको बोलपत्र आह्वान(ई-बिडिङ) सम्वन्धि सुचना अनुसार निर्धारित समयभित्र रितपुर्वक दर्ता हुन आएका बोलपत्रहरुमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेको न्युनतम मुल्याङ्कित बोलपत्र सारभुत रुपमा प्रभावग्राही भई मुल्याङ्कन समितिबाट छनौट तथा सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ को लागि यस कार्यालयको मिति २०८२/०३/०८ गतेको निर्णयानुसार सम्वन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्ने ७ दिने आशयको सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | ठेक्का नं. कार्य बिबरण | छनौट भएको बोलपत्र दाताको नाम/ठेगाना | कबोल अङ्क (VAT / PS) समेत | कै. |
|---|---|---|---|---|
| १ | 2/BRM/Works/NCB/ 2081/2082 Deepboring operation and irrigation electrification works in Bateshwor Rural Municipality, Dhanusha | Yadubanshi nirman sewa-01 Janakpur-02, Dhanusha | Rs 64,33,316 | |

**प्रमुख प्रशासकीय अधिकृत**


## बहसमा...

'तर, पद प्राप्तिकै लागि फुटेका साथीहरूसँग त्यो सम्भावना छैन् । बाबुराम भट्टराइजीहरू साम्यवादको विकल्पको खोजी गर्न थाल्नु भएका कारण उहाँहरूको कम्युनिष्ट एकताको रटान बोल्नका मात्रै बोलिएको हो ।'

तर, वामपन्थी एकतालाई पूर्णता दिनेगरी साना वाम घटकका नेताहरू छलफलमा जुटेका छन् । नेकपा एसका सम्मानित नेता झलनाथ खनाल, नेपाल समाजवादी पार्टी (नयाँ शक्ति)का अध्यक्ष डा.बाबुराम भट्टराइ, नेपाल कम्युनिष्ट पार्टी (मसाल) का महासचिव मोहनविक्रम सिंह, नेकपाका महासचिव नेत्रविक्रम चन्दबीच छलफल भएको छ ।

पछिल्लो राजनीतिक अवस्था, यथास्थितिवाद, पुनरुत्थानवाद र वामपन्थी आन्दोलनभित्र प्रकट भइरहेका विभिन्न अवसरवादी चरित्रबारे छलफल गरिएको नेकपा एसका सम्मानित नेता खनालले बताए । 'वामपन्थी एकताको विकल्प छैन भनेर हामीले पटक पटक छलफल चलाउँदै आएका हौं', उनले मध्यान्हसँग भने 'हामी विभिन्न समुहहरूसँग निरन्तर छलफल गरिनै रहेका छौं । यसभित्रपनि मत भिन्नता र मतैक्यता छन ।'

अहिलेको राजनीतिक परिस्थिति र वामपन्थी एकताका विषयमा वामपन्थी शक्तिहरूबीच वैचारिक, सांगठनिक ध्रुवीकरण गर्ने विषयमा समीक्षा भइरहेको उनले बताए । 'हामीले मत भिन्नतालाई छाडेर एकतालाई जोड दिनुपर्छ भनेर लागेका छौं, विस्तारै सफल हुन्छ', खनालले भने, 'अहिलेको राजनीतिक परिस्थिति र वामपन्थी एकताका विषयमा वामपन्थी शक्तिहरूबीच वैचारिक, सांगठनिक ध्रुवीकरण गर्ने विषयमा समीक्षा गर्दै चाँडै निस्कर्षमा पुग्नेगरी छलफललाई निरन्तरता दिएका हौं ।' यद्यपि कम्युनिष्टको इतिहास हेर्दा टुटफुट, गुट र कहिलेकाहीँ एकताका शृङ्खलाबाट गुज्रँदै आएको विश्लेषकहरू बताउँछन ।

'सिद्धान्तको लेपमा गुटगत राजनीति नेपालका कम्युनिष्ट पार्टी र नेताहरूको एउटै समस्या हो', विश्लेषक मुमाराम खनालले भने 'सैद्धान्तिक-राजनीतिक विषयमा मत-मतान्तर भन्दा पनि धेरैजसो व्यक्तिगत इगो, पद-प्रतिष्ठा र अवसरकै कारण कम्युनिष्ट पार्टीहरू जुट्ने-फुट्ने गरेको पाइन्छ ।'

आगामी दिनमा शक्ति सन्तुलन, राष्ट्रिय स्वाधिनता, जनताको आर्थिक तथा सामाजिक रुपान्तरणका मुद्दामा साझा समझदारी कायम गर्न एकआपसमा सहकार्य गर्ने विषयमा नेताहरूले प्रतिबद्धता व्यक्त गरेको छलफलमा सहभागी नेताहरूले बताएका छन् । तर, अहिले नै दलहरूबीच एकता हुने अवस्था भने नदेखिएको पनि उनीहरू बताउँछन् ।

## आर्यघाटमा...

अख्तियारको दाबी अनुसार प्रतिवादीहरूले आपसी मिलेमतोमा शव दाह मेसिन खरिद प्रक्रिया सुरु गर्नुअघि नै आफू अनुकूलको कम्पनीलाई ठेक्का पार्ने योजना बनाएका थिए । यसका लागि उनीहरूले विभिन्न चरणमा बदनियत पूर्वक काम गरेको आरोप पत्रमा उल्लेख छ ।

कोषका सदस्य सचिव डा. थापासहित तत्कालीन सदस्य सचिव एवं हाल परिषद् सदस्य राजुकुमार खत्री, तत्कालीन कार्यकारी निर्देशक डा. घनश्याम खतिवडा, हालका उपनिर्देशक रेवतीरमण अधिकारी, तत्कालीन निमित्त उपनिर्देशक सीताराम रिसेल, सिभिल इन्जिनियरहरू पशुपति ठाकुर, डेबिड उप्रेती र रमेश पुरी, लेखा अधिकृत चन्द्रप्रसाद खनाल, इन्जनियर अध्ययन संस्थान पुल्चोक क्याम्पस इलेक्ट्रिकल विभाग प्रमुख उपप्राध्यापक युवराज अधिकारी, पशुपति विकास कोषका कानुनी सल्लाहकार तथा मूल्यांकन समिति सदस्य लैनबहादुर थापाविरुद्ध जनही १० करोड ३३ लाख ९१ हजार ३० रुपैयाँ बिगो कायम गरी कैद र जरिवाना तथा हिनामिना भएको रकम असुलउपरको मागदाबी लिइएको छ ।

यसैगरी उपकरण आपूर्तिकर्ता म्याप इन्ट्रप्रेनर प्रालिका सञ्चालकद्वय मनोज पुरी र यदुनन्दन भट्टराईविरुद्ध पनि संयुक्त रूपमा बिगो कायम गरी कैद र जरिवानाको मागदाबी लिइएको छ । यस्तै एप्पल इन्जिनियरिङ प्रोफेसनल कन्सल्टेन्सी र त्यसका प्रबन्ध निर्देशक सुरज चापागाईंविरुद्ध कायम गरेको बिगोबमोजिम जरिवाना र कैद सजायको माग दाबी छ ।

कोषले ५ असार २०८० मा बोलपत्र आह्वान गरी विद्युतीय शवदाह गृहको उपकरण खरिद प्रक्रिया अगाडि बढाएको थियो । उक्त प्रक्रियामा योग्यता नपुगेका र योग्यता नपुगेका कम्पनीलाई ठेक्का दिलाउन मापदण्डसमेत हेरफेर गरिएको लगायत र मिलोमतोमै रकम भुक्तानी दिएको अख्तियारको अनुसन्धानबाट खुलेको छ ।

## मिडिया...

फैसला गरेको हो । उपाध्यायले बाराको पचरौता नगरपालिकाको दुई वटा ठेक्काको टेण्डर सूचना राष्ट्रियस्तरको दैनिकमा प्रकाशन गर्नुपर्नेमा रेकर्डका लागि मात्र दैनिक पत्रिकामा एकप्रति प्रिन्ट गराएर बिल भरपाइ बनाइ ३ लाख ५२ हजार ५६० रूपैयाँ हिनामिना गरेको भन्दै आयोगले अदालतमा मुद्दा दायर गरेको थियो ।

आयोगले पचरौता नगरपालिकाको भ्रष्टाचार मुद्दामा उपाध्याय र अन्यलाई अभियोग लगाएको थियो । उक्त कार्यमा संलग्नता देखिएका नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत श्यामप्रसाद यादवलाई पनि ६ महिना कैद सजाय र एक लाख १७ हजार ५२० रुपैयाँ जरिवाना गराउने फैसला गरेको छ ।

अध्यक्षमा नियुक्त भएको २ दिनमा नै आयोगले उनीविरुद्ध भ्रष्टाचार अभियोगमा मुद्दा चलाएपछि उनी निलम्बनमा परेका थिए । नगरपालिकासँगको मिलेमतोमा उनले सार्वजनिक खरिद ऐनलाई छलेर विज्ञापन प्रकाशित नगरी आर्थिक अनियमितता गरेका थिए ।

नगरपालिकाका लेखापाल हासिम मिया अन्सारीले प्रमुख प्रशासकीय अधिकृतको आदेश अनुसार भुक्तानी मात्रै दिएको तर उनी विरुद्ध ठोस एवम वस्तुतिष्ट प्रमाणबाट दोषी पुष्टि नभएको भन्दै विशेषले उनलाई भने सफाइ दिएको छ ।

नेपाल पत्रकार महासंघ बाराका पूर्वअध्यक्ष तथा प्रेस चौतारी नेपालका पूर्वसचिव रहेका उपाध्यक्ष बाराबाट प्रकाशन हुने कृपा दैनिकका प्रकाशक तथा सम्पादकसमेत हुन् ।

## रास्वपाका...

पार्टीको संस्थागत विरोध क्षमता कमजोर भएको विश्लेषण गरिँदैछ ।

'रास्वपा लगातार सत्ता र परम्परागत राजनीतिक शैलीको आलोचक बन्दै आएको छ । तर आफ्नै सांसदहरूको कार्यशैली र विरोधको निरन्तरतामाथि प्रश्न उठिरहेका बेला संसदको मञ्च छाडेर विदेश भ्रमण गर्नुले पार्टीभित्रको अनुशासन र प्राथमिकताको असन्तुलन झल्काएको छ', ती नेताले भने ।

## खाडी...

विकासक्रमहरूलाई ध्यानमा राख्दै मुख्य सडकहरू प्रयोग नगर्न आग्रह गरेको छ ।

निजामती सेवा ब्युरोका अनुसार बढ्दो तनावलाई ध्यानमा राखेर बहराइनले आइतबार ७० प्रतिशत सरकारी कर्मचारीहरूलाई अर्को सूचना नभएसम्म घरबाट काम गर्न भनेको छ ।

अमेरिकी अधिकारीका अनुसार हाल लगभग ३० हजार अमेरिकी सेना मध्यपूर्व अर्थात् खाडी मुलुकमा छन् ।

ठूलो संख्यामा नेपाली कार्यरत सबै खाडी मुलुकमा अमेरिकी सैनिक बेस रहेका छन् । ती बेसमा आक्रमण भए नेपाली कामदार समस्यामा पर्ने अनुमान छ ।

कतार ठूलो संख्यामा नेपाली कार्यरत रहेको सानो मुलुक हो । कतारको अल उदेद एयर बेसमा अमेरिकी वायु सेना र विशेष अपरेशन फोर्सहरूका बेस रहेका छन् ।

संयुक्त अरब इमिरेट्स (यूएई)को अल दहफ्रा एयर बेसमा अमेरिकी सेनाको ३८०औं एयर एक्सपिडिसनरी विङ रहेको छ । त्यहाँ एमक्यू-९ रिपर्सजस्ता ड्रोनहरू पनि रहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।

इराकमा अमेरिकाको अल-असद र अर्बिल हवाई अड्डाहरूसहित विभिन्न प्रतिष्ठानहरूमा अमेरिकी सेनाहरू रहेका छन् ।

## विभागद्वारा...

जापान र दक्षिण कोरिया, अन्य तथा युरोपेली मुलुक, इजरायल तथा अन्य युरोपेली मुलुक जस्ता समूह बनाएको छ ।


**Adanchuli Rural Municipality**
**Office of Rural Executive**
**Shreengar, Humla**
**Karnali Province,Nepal**

## Re-Invitation for Sealed Quotation

**Bids, Notice No : ARM/SQ/G01/081/82&ARM/SQ/G02/081/082**
**Date Of Second Publication:- 2082-03-09 BS (2025-06-23AD)**

1. Adanchuli Rural Municipality Office Shreenagar Humla invites single stage Single envelope electronic bid from eligible bidders for the Delivery and Supply of following Goods under Sealed Quotation.

| S. No | Contract ID. No | Description of Work | Estimated Amount (Without Vat) | Bid Security Amount (NRs) | Bidding Document Fee (NRs) | Bid Validity / Bid Security validity period | Last Date And Time of Bid Submission | Date And Place of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | ARM / SQ / G01 / 081 / 82 | Mukhyamantri digital sichhya ko laagi namuna bidhhyalaye bikas sahayog karyakram (supply and delivery of machinery items) | 9,79,000.00 | 25,000.00 | 1000.00 | 45 days/30 days from the last date of bid submission | 2082/03/16 BS 2025-06-30 AD 12:00 noon Online / Hard Copy | 2082/03/16 BS (2025-06-30AD) 12:15 PM ARM Office |
| | ARM / SQ / G02 / 081 / 082 | Mukhyamantri digital sichhya ko laagi namuna bidhhyalaye bikas sahayog karyakram (supply and delivery of furniture items) | 12,49,900.00 | 31,500.00 | 1000.00 | 45 days/30 days from the last date of bid submission | 2082/03/16 BS 2025-06-30 AD 12:00 noon Online / Hard Copy | 2082/03/16 BS (2025-06-30AD) 12:15 PM ARM Office |

2. Account No. for Bid document Purchase

| Bank | Office Name | Revenue Account Number | Office Code |
|---|---|---|---|
| Global IME Bank | Adanchuli Rural Municipality, Shreenagar Humla | Ga.1.1 Aantarik Rajaswo Khata Aanchuli 27204010000009 | 80664501 |

3. Eligible bidders may obtain further information from (www.bolpatra.gov.np.egp) Website of Public procurement monitoring Office (PPMO)

Chief Administrative Officer

# वृन्दावनको नगरसभा स्थगित गर्न उच्चको अन्तरिम आदेश




**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ८ असार

उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगन्जले रौतहटको वृन्दावन नगरपालिकाको नगरसभा स्थगित गर्न अन्तरिम आदेश जारी गरेको छ । यही असार १० गते हुने भनिएको ९औं बजेट अधिवेशन तत्कालको लागि यथास्थितिमा राख्न अस्थायी इजलास वीरगन्जले अन्तरिम आदेश जारी गरेको हो ।

अदालतको आदेश आएसँगै वृन्दावन नगर प्रमुख विनोद प्रसाद कुर्मीले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट ल्याउन असार १० गरेका लागि आह्वान गरेको नगर अधिवेशन स्थगित भएको छ। उच्च अदालत जनकपुरको अस्थायी इजलास वीरगन्जका न्यायाधीश हरिप्रसाद जोशीको इजलासले आइतबार यस्तो आदेश दिएको हो । वृन्दावन नगर उपप्रमुख संगीतादेवी रामले नगरसभा तत्काल स्थगित गर्न अदालतमा उत्प्रेषणयुक्त परमादेशको माग गरेपछि अदालतले वृन्दावन नगरपालिकाको कार्यालय रौतहटलाई विपक्षी बनाउँदै पालिका कार्यालयको नाममा नगरसभा नगर्न अन्तरिम आदेश दिएको हो ।

नगरसभाको सन्दर्भमा दुवै पक्षको कुरा सुनी निर्णयमा पुग्न उचित हुने देखिएको भन्दै यो मुद्दाको पेसी अदालतले यही आउँदो असार १३ गरेका लागि तोकेको हो । नगरसभाको विषयमा छलफल गर्न अदालतले असार १३ गते नगर उपप्रमुख राम र विपक्षी दुवैलाई अदालतमा बोलाइएको हो । असार १३ गते छलफल भइ कुनै निष्कर्ष ननिस्केसम्मका लागि नगरपालिकाद्वारा असार १० गते बोलाइएको नगरसभा नगर्नु/नगराउनु भनी अन्तरिम आदेश दिएको अदालतको पत्रमा उल्लेख छ ।

अदालतले असार १३ गतेसम्मका लागि नगर अधिवेशन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेसँगै अब वृन्दावन नगरपालिकाले असार १३ गतेसम्म नगर अधिवेशन गर्न नपाउने भएको छ ।

नगर प्रमुख कुर्मीले आफूसँग कुनै राय सल्लाह नै नगरी एकलौटी ढंगले नगरसभा गर्न लागेपछि आफूले अदालत गएर नगरसभा स्थगित गर्न मुद्दा हालेको उपमेयर संगिताले बताइन् ।

# तामाकोशी नदीमा निर्माणाधीन पुल भाँचियो

**काठमाडौं/मस**–रामेछाप सदरमुकाम मन्थलीसँगै जोडिएको कुनाउरीमा निर्माणाधीन पक्की मोटरेबल पुल भाँचिएको छ ।

मन्थली नगरपालिका-६ को कुनाउरीको भलुवाखोलाबाट वडा नं ७ भटौलीको ठेडीखोला जोड्ने तामाकोशी नदीमा निर्माणाधीन पुल आज दिउँसो भाँचिएको हो ।

यसअघि निर्माणाधीन अवस्थामा पुल सम्पन्न गर्ने उद्देश्यले तीव्रता पाइरहेको अवस्थामा बीच भागको एउटा स्पान दुई महिना अगाडि भाँचिएको थियो । उक्त स्पानलाई प्राविधिकले मर्मत गरेर प्रयोगमा ल्याउन सकिने प्रतिवेदनमा उल्लेख गरिएपछि निर्माण कम्पनीले स्पानको मर्मत गरिरहेको थियो । मर्मत भइरहेको अवस्थामा आइतबार दिउँसो पुलको स्पान एक्कासी पूरै भाँचिएको



स्थानीय लेखनाथ ढुंगेलले बताए । गुणस्तरहीन सामग्री प्रयोग गरेर वा अन्य कारणले यसरी पटकपटक स्पान भाँचिएकाबारे खोजी हुनेपर्नेमा उनले जोड दिए ।

भाँचिएको स्पान पूर्ण रूपमा पिल्लरबाट भत्किएर भुइँमा झरेको मन्थली-७ का पूर्ववडाध्यक्ष सुदर्शन प्रसाईंले जानकारी दिए । पुल भत्किएको थाहा पाउनासाथ उक्त ठाउँमा स्थानीय घुइँचो लागेको थियो ।

आगामी भदौ मसान्तसम्म पुल निर्माण सम्पन्न गर्नेगरी तीव्र गतिमा काम भइरहेको थियो । निर्माणाधीन उक्त पुल भत्केपछि लामो प्रतीक्षामा रहेका स्थानीय बासिन्दा चिन्तित छन् ।

सडक विभागले आर्थिक वर्ष २०७७/७८ मा कूल रु २२ करोड ५५ लाख चार हजारमा ठेक्का सम्झौता गरेको थियो । चार वटा स्पानसहित कूल दुई सय ३० मिटर लामो उक्त पुल ११ मिटर चौडाइको थियो । कूल सम्झौता रकमको झण्डै ६० प्रतिशतभन्दा बढी रकम निर्माण व्यवसायीले भुक्तानी लिइसकेका छन् ।

पुल सञ्चालनमा आएपछि मन्थली-खुर्कोट सडकखण्डभन्दा पकरबास गोगनपानीबाट सित्खा हुँदै सिन्धुलीको सुनकोशी गाउँपालिकाको मुल्कोट निस्केर छोटो दूरीमा काठमाडौं आवतजावत गर्न सकिनेछ ।

# 'पत्रकार टोक्ने बारुलो नबनौं'

काठमाडौं/मस-प्रेस काउन्सिल नेपालका निवर्तमान अध्यक्ष बालकृष्ण बस्नेतले पत्रकारिता कर्म गर्ने पत्रकार अरुलाई दुख दिने बारुलो जस्तो हुन नहुने प्रतिक्रिया दिएका छन् ।

मिडिया र सामाजिक सञ्जालबीच फरक रहेको भन्दै बस्नेतले मिडिया सञ्चार माध्यमको स्वरूपमा हुने तर सबै सामाजिक सञ्जाल मिडिया नहुने कुरा सबैले बुझ्नुपर्ने बताए ।

'पत्रकारिता कर्म गर्ने पत्रकार अरुलाई दुख दिने बारुलो हुन सक्दैनन्, मेहनती र कर्मठ माहुरी जस्तै हुनुपर्छ,' काउन्सिलमा रहँदा फेसबुक, टिकटक जस्ता सञ्जालमासमेत नियमन थालेका उनले भनेका छन् ।



कुन मिडिया हुन्, कुन होइनन् भन्ने भ्रम समाजमा बढिरहेका बेला उनले शनिबार सामाजिक सञ्जालमार्फत प्रस्ट सुझाव राखेका हुन् । समाचार र अफवाह सूचनालाई चामल र भुस जत्तिकै छानेर 'सञ्चारमाध्यमका रुपमा आएका सञ्जाल र अन्य सञ्जाल भनी छुट्याउन र चिन्नुपर्छ । गलत र अफवाहपूर्ण सूचना डिलिट हुन नसक्ने होइन, अधिवक्तासमेत रहेका बस्नेतले नियमनकारी निकाय काउन्सिलको प्रमुख हुँदाको अनुभवसहितका आधारमा लेखेका छन् ।

उनको सुझाव छ, 'राम्रो नदेख्ने र नलेख्ने सामाजिक सञ्जालको भाष्य हुनुहुन्न । नभएका कुरा जोड्जाड होइन, भएका तथ्यपरक, सृजनात्मक र आशाको सञ्चार जगाउने सामग्री सञ्जालमा राख्नु उपर्युक्त हुन्छ ।'

सामाजिक सञ्जालको दुरुपयोग रोक्न र रचनात्मक पत्रकारिताको विकास गर्न काउन्सिलमा रहँदा भएका कामलाई अदालतले सदर गरेको थियो ।

# अनलाइन टिभीलाई पत्रकारिताको दायरामा ल्याउन महासंघको माग, एआईबारे मौन



**पोखरा/मस**–नेपाल पत्रकार महासंघले युट्युबलगायतका सामाजिक सञ्जालहरूलाई पत्रकारिताकै प्लेटफर्मको रूपमा स्वीकार गरेको छ । इन्टरनेटका माध्यममा भइरहेको पत्रकारिताको अभ्यासलाई पनि पेशागत पत्रकारिताको श्रेणीमा राखेर आवश्यक कानुनी मान्यता, नीति, र नियमन प्रणालीको दायरामा ल्याउन महासंघले सरकारसँग माग गरेको छ ।

पोखरामा सम्पन्न महासंघको दुई दिने तेस्रो बैठकले इन्टरनेट र प्रविधिको तीव्र विकाससँगै सूचनाको प्रवाह शैलीमा आएको आमूल परिवर्तनलाई स्वीकार गर्दै डिजिटल माध्यमहरूमा भइरहेको पत्रकारितालाई राज्यद्वारा स्थापित मापदण्ड र संरचनाभित्र ल्याउनुपर्नेमा जोड दिएको हो ।

महासंघले युट्युबलगायत डिजिटल प्लेटफर्महरूलाई पत्रकारिता पेशाकै अंगका रूपमा परिभाषित गरी दर्ता, मान्यता, प्रशिक्षण, आचारसंहिता, श्रम अधिकार, र सामग्री नियमनका सवालमा स्पष्ट कानुनी व्यवस्था गर्न आग्रह गरेको महासचिव रामप्रसाद दाहालले जानकारी दिए ।

महासंघका केन्द्रीय सदस्य लवदेव ढुंगानाले युट्युवलगायतका सामाजिक सञ्जालमा भइरहेको अनलाइन टिभी पत्रकारिता र एआईको प्रयोगलाई व्यवस्थित गर्नुपर्ने लिखित प्रस्ताव बैठकमा राखेका थिए ।

उनले आफ्नो प्रस्तावलाई केन्द्रीय समितिले अपनत्व लिएकोप्रति सन्तुष्टि जनाउँदै अनलाइन टिभी र एआईलाई व्यवस्थित तथा जिम्मेवार बनाउने कार्य तत्कालै गर्नुपर्ने खाँचो औंल्याए ।

महासंघको यस निर्णयलाई अनलाइन टिभी पत्रकार संघका अध्यक्ष जीवन भण्डारीले पनि ऐतिहासिक र अग्रगामी निर्णयको संज्ञा दिएका थिए । उनले धेरै अगाडि गर्नुपर्ने निर्णय महासंघले अहिले गरेको भएपनि एकदमै खुशी लागेको बताउदै अब कार्यान्वयन गराउने तर्फ केन्द्रित हुन आग्रह गरे ।

अनलाइन टिभीहरुलाई कानुनी मान्यता नदिँदा बरिष्ठ पत्रकार दिलभूषण पाठक जस्ता पत्रकारहरुलाई अनावश्यक झमेलामा पर्नु परेको उनको भनाइ छ ।

महासंघको घोषणापत्रमा पत्रकार दिलभूषण पाठकविरुद्धको पक्राउ पूर्जीमा उच्च अदालतबाट रोक लगाइनु र नेपालखबर तथा बिजमाण्डु डटकममाथिको समाचार हटाउने आदेश खारेज हुनु अदालतको स्वागत योग्य कदम भएको उल्लेख गरिएको छ ।

सञ्चारमाध्यममाथिको अनावश्यक दबाब, पोष्ट डिलिटका निर्देशन, श्रमजीवी पत्रकारको पारिश्रमिक कटौती तथा अपमानजनक व्यवहारप्रति विरोध जनाउँदै महासंघले श्रमिक अधिकारको रक्षा गर्नुपर्नेमा जोड दिएको छ ।

पत्रकार सुरेश रजकको हत्या र पत्रकारमाथि भइरहेका आक्रमणप्रति गम्भीर चिन्ता व्यक्त गर्दै महासंघले निष्पक्ष छानबिन र पत्रकार सुरक्षा नीतिको तत्काल कार्यान्वयन गर्न सरकारसँग माग गरेको छ । महासंघले श्रमजीवी पत्रकारको पारिश्रमिक वृद्धि, सामाजिक सुरक्षा कोषमा अनिवार्य आवद्धता तथा न्यूनतम पारिश्रमिकको कार्यान्वयन सुनिश्चित गर्न पनि आग्रह गरेको छ ।

सामाजिक सञ्जाल नियमनसम्बन्धी विधेयक, मिडिया काउन्सिल विधेयकलगायत मिडियासम्बन्धी कानुन सरोकारवालासँग गम्भीर छलफलबिना पारित गर्न नहुने ठहर गर्दै महासंघले प्रेस स्वतन्त्रता प्रतिकूल कुनै पनि कानुनी प्रावधान नल्याउन चेतावनी दिएको छ ।

## मोटरसाइकल दुर्घटनामा २ जनाको मृत्यु

**राजविराज/मस**–हनुमाननगर कंगालिनी नगरपालिका-१ भलुवा जाने बाँधको भित्री सडकखण्डमा आइतबार दुई वटा मोटरसाइकल एक आपसमा ठोक्किँदा दुई जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

कङ्गालिनी मन्दिरबाट भलुवातर्फ जाँदै गरेको को १० प ५६२ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको बा ५५ प ६६३९ नम्बरको मोटरसाइकल एकआपसमा ठक्किँदा दुवै चालकको मृत्यु भएको हो ।

इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेका अनुसार बा ५५ प ६६३९ नम्बरको मोटरसाइकल चालक सप्तरीको शम्भुनाथ नपा-११ राजपुर बस्ने वर्ष १९ का अविनाश मण्डल र को १० प ५६२ नम्बर मोटरसाइकल चालक कञ्चनरूप नपा-१ बैरवा बस्ने वर्ष ३४ को ओमप्रकाश पञ्जियारको मृत्यु भएको हो । मण्डलको उपचारका क्रममा राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा र पञ्जियारको विराटनगरस्थित न्युरोमा उपचारका क्रममा ज्यान गएको प्रहरीको भनाइ छ ।

त्यस्तै को १० प ५६२ नम्बरको मोटरसाइकलको पछाडि सवार कञ्चनरुप-१ कै वर्ष ३० को सुभास महतो घाइते भएका छन् । उनलाई उपचारपछि घर पठाइएको र दुर्घटना सम्बन्धमा अन्य अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


## Infrastructure Development Directorate

**Birendranagar Surkhet, Nepal**

**1) Letter of Intent**

**Date of Publication: 2082/03/09 (23rd June 2025)**

This is notify to all concerned bidders as per Section 27 (2) of Public Procurement Act, 2063 that we are going to award following contracts as per IFB No: 11-081/082, published on Nepal Samachar Patra Daily dated 2082/02/04 (18th May 2025), to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion for the provision of Section 47 of Public Procurement Act, 2063. If no bidder makes an application pursuant to Section 47 within the period of seven days of the notice referred to in Section 27 (2), the bid of the bidder selected pursuant to Section 27 (1) shall be accepted.

| S. N. | Contract ID No./ Project Name | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|
| 1 | IDD/SKT/W/NCB/60/081-082, Under the Lakharpata-Khambagade-Murmuri-Jamu-Sunkanda (10.173 km) Road Construction Project, the work of tree cutting, trimming, embankment formation, piling, and Chatta construction within the forest area of Barahatal Rural Municipality and Panchapuri Municipality, Surkhet. | M/S Jala Debi Sa Mill, Dhangadi-3, Kailali | 67,86,616.14 |

**2) क्याटलग सपिङ्ग बिधिबाट सवारी साधन (Motorcycle) खरिदका लागि सूचीकृत हुन आव्हान गरिएको सूचना**

यस निर्देशनालयलाई आवश्यक पर्ने तपसिलअनुसारका ३ (तीन) थान मोटरसाईकल, सार्वजनिक खरिद ऐन, २०६३ (संशोधितसहित) को दफा ८ को उपदफा (१) (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधितसहित) को नियम ३१ (ख) बमोजिम मोटरसाईकल उत्पादक (Manufacturer) कम्पनी वा सोको आधिकारिक बिक्रेता (Importer) हरू बीचप्रतिस्पर्धा गराउने क्याटलग सपिङ्ग विधिबाट खरिद गर्नुपर्ने भएकाले देहायबमोजिमको मोटरसाईकल बिक्री गर्न चाहने उत्पादक (Manufacturer) वा आधिकारिक बिक्रेता (Importer) हरूले तपसिलमा उल्लेखित कागजातसहित यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस निर्देशनालयमा निवेदन दर्ता गर्नुहुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । विस्तृत स्पेशिफिकेशन यस निर्देशनालयमा सम्पर्क राख्न वा यस निर्देशनालयको **website: www.idd.karnali.gov.np**बाट डाउनलोड गर्न सकिने छ ।

**प्रस्तावकर्ताले पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**

१. नवीकरण गरिएको फर्म वा कम्पनी दर्ता प्रमाण-पत्रको प्रतिलिपी ।२. मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाण-पत्रको प्रतिलिपी । ३. आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्र वा म्याद थप भएको प्रमाणित कागजात । ४. खरिद कारबाहीमा नपरेको स्व. घोषणापत्र । ५. Technical Specification प्रमाणित गर्ने ब्रोसर (Catalogue) । ६. आफ्नो मालसामानको बजार मूल्य प्रमाणित गर्ने कागजात (पत्रिकामा प्रकाशित भएको वा कम्पनीको लेटरप्याडमा आधिकारिक व्यक्तिले सही छाप गरी प्रमाणित गरेको कागजात) । ७. Warranty वा Guarantee सम्बन्धी कागजातहरू । ८. यस कार्यालयलाई सम्बोधन गरी लेखिएको सम्बन्धित उत्पादकले प्रदान गरेको Manufacturers Authorization letter । ९. कार्यालयबाट जारी भएको Technical Specification भरी पेश गर्नु पर्नेछ ।

| S. N. | Type of Vehicle | Requirement (General Specifications) | Quantity |
|---|---|---|---|
| 1 | Motorcycle | 4-Stroke oil cooled petrol engine having 2 valves & 150 ± 10 CC displacement, developing Maximum rated power output notless than 9 Kw at governed RPM,Torque notless than 12 Nm at governed speed, shall fully equipped with accessories for efficient full load operation of the motorcycle. (Including Helmet, Leg guard etc.) | 3 (Three) |



**UAE मा रोजगार**

कम्पनी: GYPSEMNA COMPANY LLC — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/०५/१९ — चलानी नं.: ६०२२४७६० — L.T. No.:310086 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helpers | 78 | 0 | स. काममा दक्ष | 800 | ३०,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: Porcellan Company LLC — शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०८१/०५/१८ — चलानी नं.: ६०२२४६५९ — L.T. No.:310085 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helper | 53 | 0 | स. काममा दक्ष | 800 | ३०,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता क्यापिटल रिक्युटमेन्ट सर्भिसको मुख्य कार्यालय काठमाडौंमा २०८२ असार २२ गते (6 July 2025) मा हुनेछ ।
अन्तर्वार्ता सुनसरी ट्रेनिङ सेन्टर सुनसरी इटहरीमा २०८२ असार २४ गते (8 July 2025) मा हुनेछ ।
अन्तर्वार्ता होटल रेड कार्पेट, चितवन भरतपुरमा २०८२ असार २६ गते (10 July 2025) मा हुनेछ ।
अन्तर्वार्ता पोखरा जनप्रिय होटल, कास्की पोखरामा २०८२ असार २७ गते (11 July 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामका विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

CRS **Capital Recruitment Service (P) Ltd** (श्रम इजाजत नं. ५३४/०६७/०६८)
Basudhara Chowk (Near Diyalo Party Palace, Trisul House Same Building, 4 th & 5 th Floor)
Kathmandu Contact No. +977-1-4987164, 4988732, 9818937137, 9813843289)
Chitwan Contact No: 9807144970, 9824204060, 9824204063, Pokhara Contact No: 9826611233, 9804105844, 9704596461



**Qatar मा रोजगार**

Hydrocare Trading
पूर्व स्वीकृति मिति: २०८२/३/८ — चलानी नं.: ६०२३९९०२ — LT No. 325976

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | खाना / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| १. | Labour | 8 | 0 | 1300 | ४९,३८०।- | छ | [illegible] |
| २. | Sales-Man | 4 | 0 | 1600 | ६०,७७०।- | छ | [illegible] |

अन्तरवार्ता २०८२ असार १६ गते (30 June, 2025) यस प्रा. लि. को कार्यालय जावलाखेल, ललितपुरमा हुनेछ ।

LUCKY H.R. Solution Pvt. Ltd.
**लक्की एच.आर. सोलुसन प्रा. लि.**
श्रम ईजाजत नं.: ८७५/०६६/०६७
जावलाखेल, ललितपुर, फोन : ५४२०५६२, ५४५५१८०, ५४५०६३४, ५४५५१४४
E-mail : info@luckyhrsolution.com



## Karnali Province Government

**Ministry of Physical Infrastructure and Urban Development**

**Infrastructure Development Directorate**

**Infrastructure Development Office (IDO)**

**Salyan, Nepal**

**Letter of Intent (LOI)**

**Date of Publication: 2082/03/09 (23/06/2025)**

As per section 27 (2) of Public Procurement Act, 2063 this is notify to all concerned bidders that, we are going to award following Bids as per 07/IDO/SLN/W/NCB/2081/082 published on Himalaya National Daily dated 2082/02/07 (21st May, 2025) to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S. N. | Contract ID No: | Description of Works | Name and Address of the Successful Bidder | Accepted Bid Amount Including VAT and PS (NRs.) |
|---|---|---|---|---|
| 1 | IDO/SLN/W/ NCB/21/2081/2082 | Fabrication, Supply, Transportation, Construction and Errection of GhuyaBaari Gangate Suspended Trail Bridge Through Construction Turnkey Package (CTP) | Ujwal Nirman Sewa, Kathmandu | 85,08,900.00 |

**Office Chief**

मध्यान्ह
www.madhyanhadaily.com
९ असार २०८२ सोमबार
23 June 2025, Monday

## सम्पादकीय

### प्रतिकुलताको पीर र वास्तविकता ?

पार्टी स्थापना दिवसको अवसर पारेर पूर्व गृहमन्त्री रवि लामिछानेको नाममा २० पृष्ठ लामो बक्तव्य जारी भयो । उनको सचिवालयबाट तयार बक्तव्यकै आधारमा रास्वपाले हस्ताक्षर अभियान थालेको छ । रवि लामिछानेमाथि राजनीतिक प्रतिशोध साँधिएको हो भन्ने निष्कर्षमा सहमत हुनेहरूले यो अभियानमा हस्ताक्षर गर्न सक्नेछन् । रास्वपाले यो अभियान देशविदेशमा चलाउने तयारी गरेको छ । हस्ताक्षर संकलनको जनदबावको परिणाम के हुन्छ भन्ने भविष्यमा देखिएला । तर रवि लामिछानेको नाममा जारी बक्तव्यलाई विश्वास गर्ने हो भने राज्य संयन्त्र बेकामे बनिसकेको छ । राज्यका कुनैपनि संयन्त्रले ठीक ढंगले काम गर्न नसक्ने अवस्था छ । न्यायालय, व्यवस्थापिका, राजनीति, आमसञ्चार माध्यम, प्रहरी, संवैधानिक निकायहरू सबै बर्बाद बनिसकेको छ ।

न्यायालयले न्याय दिन नसक्ने, प्रहरीले अनुसन्धान र सुरक्षा दिन नसक्ने, मिडियाले सही सूचना नदिने, संविधानले भ्रष्ट राजनीतिलाई सहयोग गर्ने निष्कर्ष रवि लामिछानेले निकालेका छन् । आफूमाथि लागेको सहकारी ठगीको आरोप पनि राज्य संयन्त्र फेल हुनुकै प्रमाणका रूपमा रवि लामिछानेले प्रस्तुत गरेका छन् । त्यसैले संविधान पुनर्लेखनकै आवश्यकता परेकाले जनताको साथ चाहिने तर्क रवि लामिछानेले गरेका छन् । प्रदेश सभा खारेजी गर्नुपर्ने तर्क समेत गरिएको छ । उनले आफू जेलमै सड्न सक्ने अथवा बाँकी नेताहरूको जीवन जेलमा जाने विकल्पमा पनि सुनाएका छन् । राज्यका सम्पूर्ण संयन्त्रबारे यस्तो निष्कर्ष निकाल्ने रवि लामिछाने पहिलो व्यक्ति चाहिँ होइनन् । राप्रपाले सधैं यो व्यवस्था रहेसम्म संकट कायमै रहने बताइरहेकै छन् ।

रास्वपा र राप्रपाले मात्रै होइन, गत वर्ष विपक्षी भूमिकामा हुँदा नेकपा एमाले नेताहरूले पनि मुलुक बर्बादीको दिशामा रहेका निष्कर्ष निकाल्थे । प्रधानमन्त्री हुनुअघि एमाले अध्यक्ष केपी शर्मा ओलीले अझैपनि २० प्रतिशत नेपाली निरपेक्ष गरिबीको रेखामुनि रहेको दुःख पोख्थे । राज्य संयन्त्रप्रति असहमति जनाएरै माओवादीले दश वर्ष सशस्त्र विद्रोह गऱ्यो । उस्तै समस्यामा मधेशवादीले आन्दोलन गऱ्यो । कांग्रेस र एमाले पनि विद्रोहबाटै आएको थियो । अहिले पनि अप्ठ्यारोमा पर्नासाथ नेताहरूले मुलुक बर्बाद भइरहेको, राज्य संयन्त्रले काम नगरेको निष्कर्ष सुनाउने गरेका छन् । सहकारी ठगी मुद्दामा थुनिएपछि रवि लामिछानेले अहिलेको संविधान पुनर्लेखनकै आवश्यकता औल्याए । पक्कैपनि राज्य संयन्त्रले जनताका समस्या हल गर्न नसकेको हो भने सच्चिन आवश्यक छ । होइन, सत्ता आफ्नो प्रतिकुल बनेकाले मात्रै यस्तो भ्रम जनतामा छरिएको हो भने यस्तो प्रवृत्ति सच्चिनुपर्छ । किनकि राज्यप्रति निरन्तर घृणा फैलाउने कार्यले व्यवस्थित प्रणाली निर्माणलाई अवरोध गर्छ ।

# अर्थतन्त्र र सुशासन

*सेवा प्रदायकमा पारदर्शिता, जिम्मेवारी बोध, उत्तरदायित्व भनिएको छ, त्यसका लागि नीतिगत तहमै सुरू गर्नुपर्छ । तर, सहसचिवले गर्न सक्ने काम मन्त्रिपरिषदमा लगेर भ्रष्टाचारबाट जोगिन कैयन कामहरू भइरहेका छन्...*

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

देशको अर्थतन्त्र कछुवा गतिमा छ, तर राजस्व र ऋणको गति घोडाको वेगमा छ । भनाइ एकातिर र गराइ अर्कोतिर हुनु नै हाम्रो बजेटको मर्म हो । संघको बजेटका लागि नाम मात्रको विपक्षी धर्नामा बसेको छ । असार लाग्यो प्रदेशहरू बजेट प्रस्तुत गर्ने हतारोमा छन् । यसो भनौं केन्द्रबाट जाने बजेट नै प्रदेश र स्थानीय तहले बाँडिचुँडी खाने हुन् । यसपालि तलब बढाउनु पर्ने थियो, तर राष्ट्रसेवकहरूको तलब बढेन । अलिकति चामल किन्ने रकम दिएर सामसुम पारिएको छ । अधिकांश राष्ट्रसेवकहरू दलकै छातामा भएकाले तिनलाई गलाउन असहज हुन्न, यद्यपि पंक्ति तयार गरिरहँदा सिंहदरबारमा तिनले विरोध जनाइरहेका छन् ।

कर्मचारीको अन्य आयलाई अन्याय नमान्ने हाम्रो संस्कार बसेको छ, विगतमा घटेका काण्डहरूले र अहिले गृहकै केस लिएर अध्यागमनका कारण संसद् अवरुद्ध भएको विषयले पुष्टि गरिहाल्छ । अर्थतन्त्र शिथिल छ, यो भन्नुपर्ने कुरा भएन, पछिल्लो समय विश्व बैंकले विश्वको आर्थिक वृद्धिदर २.३ प्रतिशत हुने जनाएको छ । उसले भर्खरै ग्लोबल इकोनोमिक परस्पेक्टिव प्रतिवेदनमा भनेको विषय हो यो । यसअघि उसले यो क्रम २.७ प्रतिशत भनेको थियो र भन्दै छ यो विगत आधा शताब्दीको न्यूनता हो र सन् २०२० र ३० को दशकको ठूलो मार पनि । यसो हुनमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई दोषी ठहऱ्याएको छ, कारण उनी सत्तामा आएपछि भन्सार महसुल दरमा साह्रै कडा गरे । विश्वकै आर्थिक राजधानी अमेरिका भएकाले यसको असर सबैतिर पर्ने नै भयो ।

अहिलेको बजेटले १०० स्थानीय तहमा भूमि बैंक स्थापना गर्ने भनेको छ । उत्पादन बढाउन कृषि योग्य भूमि बाँझो राख्न नपाइने भनेको छ, यो पुरानै कुरा हो । खेतीलाई मलजल गराउने युवाहरूलाई स्वदेशभित्र टिकाउन सकिएको छैन, बरु मान्छे निर्यात, वस्तु आयात हाम्रो लक्ष्य भएको छ । अस्ति १० महिनामा विप्रेषण रकम आएको १३ खर्ब ५६ अर्ब ६१ करोड रहेछ । यसो भनौं हाम्रा समग्र अर्थतन्त्र विप्रेषणमै चलेको छ । कृषियोग्य भूमिमा करार गरेर स्थानीय तहले लिजमा दिन सक्ने भनिएको छ, यसो भनौं फेरि बिचौलियाहरूलाई जग्गा खण्डीकरण र प्लटिङ गर्न सहज भयो, अहिलेसम्म गरिएकै छ । बजेटले भनेको छ : मालपोत, भूमिसुधार, नापीका काम डिजिलटलाइज गर्ने, पुराना फाइल बोक्दा अन्य आय खोज्ने कर्मचारीलाई यो अलिक घाँडो भए पनि 'सफ्टवेयर खुलेन हजूर' भनेर सेवाग्राहीलाई अड्काउने र सफ्टवेयरले मागेपछि जति पनि तिर्नुपर्ने हाम्रो रोग अतितकै हो ।

बैंक, वित्तीय, सहकारी संस्थाबाट गरिने जग्गा फुकुवा कार्य सबै अनलाइनबाटै भनिएको छ, तर समुद्रका माछा गनेर पनि खाने मुखलाई जुंगाले छेक्दैन भन्ने हाम्रो पुर्खाको संस्कार छ । स्थानीय तह, प्रदेशहरूमा बेरुजु अधिक छ, झन्डै वार्षिक बजेट हाराहारीमा केन्द्रको पनि छ । केन्द्रमा सिकाउने कार्यालय, मन्त्रालयकै अधिक छ । अब ३ तहका सार्वजनिक खर्च मापदण्ड तर्जुमा गर्ने रे, ऐन, नियम, मापदण्ड, निर्देशिका पहिले पनि थिए । यता अनुदानको अधिकतम सीमा लागत खर्चको ५० प्रतिशतसम्म मात्र कायम गर्ने भनिएको छ । अनुदान घट्दै आएको छ र ऋण तीव्र हुँदै बढ्दै आएको छ देशमा । यो क्रम केही



दशक यतादेखिकै रोग हो ।

वैदेशिक भ्रमण गर्दा देशको स्रोतमा नगरिने, उच्चस्तरीय कूटनैतिक भ्रमण तथा नेपाल सदस्य रहेका अन्तर्राष्ट्रिय संस्थामा अनिवार्य प्रतिनिधित्व बाहेक । परामर्श सेवामा अङ्कुश लगाइएको र ऐन, नियम, नीति, कार्यविधि, मापदण्ड तयार गर्न परामर्श सेवा लिन नपाइने भनिएको छ । निर्माण कार्यमा कन्सल्टेन्सी रकम घटाएर १ अर्बसम्मको लागत आयोजनाका लागि ३ प्रतिशतसम्म र सोभन्दा बढीका लागि २ प्रतिशतसम्मको सीमा तोकिएको छ ।

देश सञ्चालन हुने संघीय निजामती विधेयक यसै अधिवेशनमा आउने भनिएको छ, यो भनेको धेरै वर्ष भइसकेको छ । कर्मचारीहरू प्रदेश तथा स्थानीय तहमा जान मानेका छैनन् । मेयरको इच्छा भएन भने कर्मचारी हाजिर हुन नसक्ने संघीय वातावरण सिंहदरबारबाटै तय गरिएको छ । कैयन कर्मचारी तराईमा हाजिर हुन पाएनन्, अहिले पूर्वतिर त्यही देखिएको छ र काठमाडौं महानगरको ताला फोडी कर्मचारी हाजिर हुँदा र विरोध गर्दा सुरक्षा निकाय नै निलम्बनमा पर्ने अवस्था बन्यो ।

यति साह्रो गए गुज्रेको निजामती प्रशासन कमसेकम पञ्चायतको पालामा थिएन । देशको विकास गर्न विकास प्रशासन सञ्चालन हुनुपर्छ, क्षमताको प्रशासन र हालको मागअनुसारको सक्षम प्रशासन जरुरी छ ।

> *जबसम्म राष्ट्र सेवक कर्मचारीहरूप्रति स्वतन्त्र व्यवहार हुन्न, तबसम्म देशको समृद्धि सम्भव छैन । झोला बोकुन्जेल, लाए अह्राएको काम गरेर अर्थतन्त्र बलियो हुन्न । खुलस्त भन्नुपर्छ, हाम्रो अर्थतन्त्रमा धेरै नै धमिरा लागिसकेको छ...*

तर, हाम्रो लोकतन्त्रले कर्मचारीको मानमर्दन गरेको छ, निष्क्रिय बनाएको छ, खेतालो बनाएको छ, इतिहासमै पङ्गु निजामती सेवा सञ्चालन भइरहेको छ । भ्रष्टाचारको गन्ध सर्वत्र फैलिएको छ र त्यसमा सुन पानी छर्कने हाम्रो केन्द्रीय निकाय छ । माथिबाट हुकुम बक्स भएपछि तीन खत माफी हुने गरेको छ ।

